# प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०७४

**प्रस्तावना :-**

प्राकृतिक प्रकोप पीडितलाई तत्काल जीवनयापन गर्न सहज र सक्षम बनाई प्राकृतिक प्रकोप हुनुभन्दा अघिको अवस्थामा पुऱ्याउन उद्धार तथा राहत वितरणको कार्य गर्न प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड बनाउन वाञ्छनिय भएकोले आठविसकोट नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस मापदण्डको नाम “आठविसकोट नगरपालिका प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०७४” रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** :- विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) “नगरपालिका” भन्नाले आठविसकोट नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) “नगर कार्यपालिका” भन्नाले आठविसकोट नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “नगर प्राकृतिक प्रकोप उद्धार समिति” भन्नाले अनुसूची - १ बमोजिमको प्राकृतिक प्रकोप उद्धार समिति सम्झनु पर्छ ।

(घ) “वडा स्तरिय प्राकृतिक प्रकोप उद्धार समिति” भन्नाले अनुसूची - २ बमोजिमको प्राकृतिक प्रकोप उद्धार समिति सम्झनु पर्छ ।

## परिच्छेद - २
## उद्धार तथा राहत सम्बन्धि मापदण्ड

**३.उद्धार तयारी व्यवस्थापन** :- (१) नगरपालिका केन्द्रमा अनुसूची - १ बमोजिमको प्राकृतिक प्रकोप उद्धार समिति गठन गरी उक्त समितिले खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी नगरपालिकाको जुन सुकै क्षेत्रमा प्रकोप आएका बखत आवश्यकता अनुसार तत्काल राहत पुऱ्याउने व्यवस्था मिलाउने । यसका लागि खोज तथा उद्धार सामग्री नगरपालिका केन्द्रर आवश्यकता अनुसार जिल्लास्तरमा भण्डारको व्यवस्था गर्ने । जोखिममा परेका वस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा बस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नको लागि आवश्यक अध्ययन अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा श्रोतसाधनको व्यवस्था गर्ने र यस्ता वस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रमको कार्यान्वयनको व्यवस्था गर्ने । प्रकोपको जोखिममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्था गर्ने । वडामा अनुसूची - २ बमोजिम वडा स्तरिय प्राकृतिक प्रकोप उद्धार समिति रहने छन् ।

(२) स्थानीय स्तरका प्रकोपका प्रकृतिको पहिचान गरी सो बाट पीडितहरुको खोजी र उद्धार गर्ने कार्य को लागि दक्ष र तालिम प्राप्त जनशक्ति न्यूनतम १० जना जुनसुकै बेला परिचालन गर्न सकिने अवस्थामा राख्ने व्यवस्था नगर कार्यपालिका तथा प्रमुख प्रशासकीय अधिकृतले मिलाउने । तालीम प्राप्त जनशक्तिको साथै प्रकोपको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालिन खाद्यान्न एवं लत्ताकपडाका भण्डारणको व्यवस्था गर्ने ।

(३) खोज र उद्धार कार्यको लागि १४ वटै वडामा नगर प्राकृतिक प्रकोप उद्धार समिति मातहतमा खोज र उद्धार सामग्रीहरु भण्डारण गरी राख्ने व्यवस्था मिलाउने । यसमा न्यूनतम १० जना उद्धारकर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक पर्ने सामग्रीहरु स्थानीय आवश्यकताको आधारमा पहिचान गरी भण्डारणको व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउने ।

(४) नगर प्राकृतिक प्रकोप उद्धार कोषमा रु. ५,००,०००।- (पाँच लाख) न्यूनतम मौज्दात कायम राख्ने व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउने ।

(५) सामाजिक एवं गैर सरकारी संघ-संस्थाहरुको सहयोग समेत लिई प्रकोप व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम नगरपालिका केन्द्र र वडा स्तरमा गर्ने ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(६) प्रकोपको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्न नगर प्राकृतिक प्रकोप उद्धार समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

(७) खोज तथा उद्धारका लागि आउने स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गर्ने गराउने तथा समुचित प्रवन्ध नगर प्राकृतिक प्रकोप उद्धार समितिले मिलाउने ।

**४. आपतकालीन उद्धार तथा राहत वितरण**:- (१) प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.२०,०००।- (बीस हजार) का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने । यसरी रकम उपलब्ध गराउँदा नगरको नगर प्राकृतिक प्रकोप उद्धार समितिले उपलब्ध गराउने ।

(२) प्रकोपबाट घर नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु.५०००।- (पाँच हजार) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

(३) प्रकोपको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नु पर्ने अवस्था भएमा नगर प्राकृतिक प्रकोप उद्धार समितिले तत्काल जिल्ला प्राकृतिक प्रकोप उद्धार समिति एवं उद्धारसंग सम्बन्धित अन्य निकायमा सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने ।

(४) प्रकोपमा परि खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै जिल्ला प्रशासन कार्यालय मार्फत प्रदेश तथा संघीय गृह मन्त्रालयमा पठाउने ।

(५) पीडितहरुलाई राहत वितरण गर्दा स्थानीय उद्धार समिति गठन भएको स्थानमा सो समिति मार्फत र अन्य ठाउँको हकमा नगर प्राकृतिक प्रकोप उद्धार समिति मार्फत नै राहत सहयोग उपलब्ध गराउने ।

(६) घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्णरुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएतापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु. १०,०००।- (दश हजार) सम्म आर्थिक सहयोग उपलब्ध गराउने । यस्तो सहयोग नगर प्राकृतिक प्रकोप उद्धार समितिले आवश्यक छानविन गरी बैठकबाट निर्णय गराएर मात्र दिने ।

(७) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई नगर प्राकृतिक प्रकोप उद्धार समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्चको बढिमा ५०% सम्म भुक्तानी गरी दिने र अस्पतालबाट घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु. १,०००।- (एक हजार) र यातायात खर्च दिने ।

(८) प्रकोपका पीडितहरुलाई पुनःस्थापन तथा पुनःनिर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम नगर स्थित वन, वातावरण, फोहरमैला तथा विपद् व्यवस्थापन शाखाले सम्बन्धित निकायसँग समन्वय गरी सहुलियत दरमा काठ उपलब्ध गराउने ।

(९) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी बतास, चट्याङ्ग, शीतलहर, हिमपातका साथै प्रकोपका कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटना बाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने ।

(१०) निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा नगर प्राकृतिक प्रकोप उद्धार समितिले घटना भएको ३० दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

अनुसूची - १

(खण्ड १ को उपखण्ड १ सँग सम्बन्धित)

## नगर प्राकृतिक प्रकोप उद्धार समिति

१. प्रमुख - अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

३. नगरपालिका स्थित प्रहरी प्रमुख- सदस्य

४. वन, वातावरण, फोहरमैला तथा विपद् व्यवस्थापन शाखा हेर्ने पदाधिकारी- सदस्य

५. आधारभूत स्वास्थ्य तथा सरिसफाई कार्यालय संयोजक- सदस्य

६. आधारभूत तथा माध्यामिक शिक्षा कार्यालय संयोजक- सदस्य

७. वन, वातावरण, फोहरमैला एवं विपद् व्यवस्थापन शाखा हेर्ने कर्मचारी प्रमुख- सदस्य सचिव

**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

अनुसूची - २

(खण्ड १ को उपखण्ड १ सँग सम्बन्धित)

## वडा स्तरिय प्राकृतिक प्रकोप उद्धार समिति

१. वडा अध्यक्ष - अध्यक्ष
२. वडा अध्यक्षले सिफारिस गरेको वडा सदस्य- सदस्य
३. वडास्थि प्रमुख विद्यालयको प्रधानाध्यापक वा शिक्षक - सदस्य
४. वडा अध्यक्षले छनौट गरेको वडास्थित बुद्धिजिवी वा समाजसेवी- सदस्य
५. वडा सचिव- सदस्य सचिव

वडा स्तरिय प्राकृतिक प्रकोप उद्धार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

अनुसूची- ३

(खण्ड ५ को उपखण्ड १ सँग सम्बन्धित)

## राहत प्राप्तिको लागि नगरपालिका कार्यालयमा दिईने निवेदनको ढाँचा

मिति :

श्रीमान् नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
आठविसकोट नगरपालिकाको कार्यालय,
आठविसकोट, रुकुम (पश्चिम)

विषय :- राहत रकम उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा यही मिति....................गतेको बाढि/पहिरो/आगलागि/असिनापानी/चट्याङ्ग, हावापानी/भूकम्प/डुङ्गा दुर्घटना/.......................को कारण मेरो...............................पूर्ण/आशिंक रुपमा नष्ट भई अन्दाजी.....................बराबरको क्षति भएकोले म, मेरो श्रीमान/श्रीमति/मेरो आमा/बुवा/बाज्ये/बज्यै/छोरा.....जना/छोरी.....जना/दाजुभाई......जना/दिदिवहिनी.....जनाको परिवारको जीवनयापन गर्न कठिन भएकोले/विस्थापित भएकोले तहाँ कार्यालयको नियमानुसार राहत रकम उपलब्ध गराईदिनु हुन प्रहरी सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, घटना घटेको स्पष्ट जानकारी दिने तस्विरहरु संलग्न राखि यो निवेदन पेश गरेको छु ।

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | परिवारको संख्या | | | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| | | | | | | |

मिति :

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

श्रीमान् नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
आठविसकोट नगरपालिकाको कार्यालय,
आठविसकोट, रुकुम (पश्चिम)

विषय :- राहत रकम उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा यही मिति.....................गतेको बाढि/पहिरो/आगलागि/असिनापानी/चट्याङ्ग, हावापानी/भूकम्प/डुङ्गा दुर्घटना/........................मा परी मेरो श्रीमान/श्रीमति/आमा/बुवा/बाज्ये/बज्यै/छोरा/छोरी/दाजु/भाई/दिदि/वहिनीको मृत्यु भई परिवारको सामान्य जनजीवन छिन्नभिन्न भई निजको काजक्रिया गर्न एवं. जीवनयापन गर्न कठिन भएकोले/विस्थापित भएकोले तहाँ कार्यालयको नियमानुसार राहत रकम उपलब्ध गराईदिनु हुन पोष्टमार्टम रिपोर्ट, प्रहरी सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, घटना घटेको स्पष्ट जानकारी दिने तस्विरहरु संलग्न राखि यो निवेदन पेश गरेको छु ।

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | परिवारको संख्या | | | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| | | | | | | |

**नगरकार्यपालिकाबाट स्वीकृती**
**मिति:** २०७४/०८/१७

**प्रमाणिकरण मिति**
२०७५/०८/१९

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)